गंगादेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनछहरी, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

वेव : www.gangadevmun.gov.np
ई-मेल : gangadevmun@gmail.com
फोन : ९८४५५७०४००/९८६०६२३७३७

पत्र संख्याः २०७७/०७८
सूचना नः ५४

मितिः२०७८।०३।३०

# सम्पति विवरण वुझाउने सम्बन्धि सूचना !!!

प्रस्तुत विषयमा संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालयको च नं १३८३ र राष्ट्रिय किताबखानाको मिति २०७८।०३।२२ मा प्रकाशित सूचना अनुसार गंगादेव गाउँपालिका भित्र रहेका सम्पुर्ण स्थायी बाहेकका सबै कर्मचारी तथा जनप्रतिनिधिहरुले आर्थिक बर्ष सकिएको मितिले ६० दिन भित्र सम्पति विवरण बुझाइ सक्नु पर्ने भएको हुदा गंगादेव गाउँपालिक भित्रका सम्पुर्ण स्थायी बाहेकका सम्पुर्ण कर्मचारीहरु तथा जनप्रतिनिधिहरुले (जनप्रतिनिधि, कर्मचारी, शिक्षक, कार्यालय सहयोगी) मिति २०७७ साउन मसान्त सम्म गाउँपालिकामा सम्पति विवरण बुझाउनहुन जानकारीका साथ अनुरोध छ। साथै कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भएका अन्य सेवाका कर्मचारीहरु (कर्मचारी संकेत नम्बर प्राप्त नगरेका) र लोक सेवा आयोगबाट सिफारिश भई स्थानीय तहहरुमा नियुक्ति भएका कर्मचारीहरुले नेपाल राजपत्र, खण्ड ६८, असार २०, २०७५ (अतिरिक्ताङ्क ११) भाग ५, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सूचनामा तोके बमोजिम जिल्ला समन्वय समिति, गाउँपालिका, नगरपालिका, प्रदेश सरकारका मन्त्रालयहरुमा पेश भएका अभिलेख तत् तत् निकायले राखी सम्पति विवरण बन्दी खामहरु ३० (तीस) दिन भित्र प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गरिसक्नुपर्ने व्यवस्था भएको हुदा लोक सेवा आयोगबाट भएको विज्ञापन अनुसार सिफारिस भई स्थानीय तहहरुमा नियुक्ति भएका कर्मचारीहरु समेत गाउँपालिको कार्यालयमा सम्पति विवरण बुझाउनहुन अनुरोध छ ।

सम्पति विवरण बुझाउदा खाममा लेखे विवरणको ढाँचा तपसिल अनुसार रहेको छ ।

आ.व. २०७७।०७८ को सम्पति विवरण

| | |
|---|---|
| क) कर्मचारी संकेत नम्बरः | ङ) श्रेणी/तहः |
| ख) नाम, थरः | च) कार्यरत कार्यालयः |
| ग) पद/दर्जाः | छ) मोबाइल नम्बरः |
| घ) सेवा/समुह | ज) इ-मेल ठेगानाः |

शालिकराम बस्नेत
नि.प्रमुख प्रशासकिय अधिकृत